# क्याम्पस सेवा व्यवस्थापन कार्यविधि-२०८२

यस क्याम्पसको संसोधित विधान २०८२ ले दिएको अधिकार प्रयोग गरी शिक्षक तथा कर्मचारीहरुको सेवालाई व्यवस्थित गर्न यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्य विधिको नाम "**भानुभक्त बहुमुखी क्याम्पस सेवा व्यवस्थापन कार्यविधि २०८२"** रहने छ ।

(ख) यो कार्यविधि क्याम्पस सभाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

(ग) यो कार्यविधि क्याम्पसको विधान सँग बाझिएमा यस कार्यविधिको बुँदाहरु स्वतः निस्क्रिय हुनेछन् ।

२) **परिभाषा :**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा**

(क) **"ऐन"** भन्नाले सम्बन्धन दिने त्रिभुवन विश्व विद्यालयको ऐन सम्झनु पर्दछ ।

(ख) **"क्याम्पस"** भन्नाले भानुभक्त बहुमुखी क्याम्पस लाई सम्झनु पर्दछ ।

(ग) **"नियमावली"** भन्नाले भानुभक्त बहुमुखी क्याम्पसको नियमावली लाई सम्झनु पर्दछ ।

(घ) **"सञ्चालक समिति"** भन्नाले भानुभक्त बहुमुखी क्याम्पसको संशोधित विधान २०८२ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्दछ ।

(ङ) **"पदाधिकारी"** भन्नाले भानुभक्त बहुमुखी क्याम्पसको संशोधित विधान २०८२ बमोजिम गठन भएका अध्यक्ष, उपाध्यक्ष, सदस्यहरु र क्याम्पस प्रमुखलाई सम्झनु पर्दछ ।

(च) **"शिक्षक"** भन्नाले यस क्याम्पसमा अध्यापन गर्ने शिक्षक सम्झनु पर्दछ ।

(छ) **"कर्मचारी"** भन्नाले यस क्याम्पसमा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

(ज) **"क्याम्पस सेवा"** भन्नाले क्याम्पसका शिक्षक तथा कर्मचारी सेवा सम्झनु पर्दछ ।

(झ) **"अख्तियारवाला"** भन्नाले तोकिएको अख्तियारवाला सम्झनु पर्दछ ।

(ञ) **"तोकिए वा तोकिए बमोजिम"** भन्नाले क्याम्पस र सो संग सम्बन्धित अन्य विनियम, कार्यविधि अन्तर्गत जारी भएका कार्य प्रणाली, आदेश वा निर्देशिका सम्झनु पर्दछ ।

(ट) **"क्याम्पस सेवा आयोग"** भन्नाले क्याम्पसमा आवश्यक शिक्षक तथा कर्मचारीको नियुक्ति सिफारिस गर्ने, मूल्यांकन गर्ने, क्याम्पस सञ्चालक समितिबाट भानुभक्त बहुमुखी क्याम्पसको संशोधित विधान २०८२ बमोजिम गठित निकायलाई सम्झनु पर्दछ ।

**३). कार्यविधिको व्याख्या :**

(क) यो कार्यविधिको कार्यान्वयन गर्न कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गर्ने भनि किटानी साथ व्यवस्था भएकोमा बाहेक सामान्यतया क्याम्पस सेवा आयोगको सिफारिसमा सञ्चालक समितिको निर्णयद्वारा हुनेछ ।

(ख) यस कार्यविधिको अन्तिम ब्याख्या गर्ने अधिकार क्याम्पस सञ्चालक समितिमा निहित रहनेछ ।

(ग) यो कार्यविधि प्रयोग गर्दा कसैलाई मर्का परी क्याम्पस सञ्चालक समितिमा निवेदन परेमा सो अन्तिम निर्णय सञ्चालक समितिले गर्ने छ ।

## परिच्छेद २

## पद व्यवस्था र पदपुर्ति

**४). पद सिर्जनाः**

क) क्याम्पसमा शिक्षक तथा कर्मचारी पदको सिर्जना र पद संख्या निर्धारण क्याम्पस सञ्चालक समितिले गर्ने छ ।

(ख) यसरी सिर्जना भएको पद दर्ता गरी अभिलेखिकरण गरिनेछ ।

(ग) दरबन्दी रिक्त नभई शिक्षक तथा कर्मचारी भर्ना गर्न पाइने छैन । तर आवश्यकता र औचित्यता अनुसार तोकिएको कक्षा भार लिने र कक्षा भारको आधारमा पारिश्रमिक पाउने गरी आंशिक तथा ज्यालादारीमा शिक्षक र कर्मचारी नियुक्तिमा बाधा पुऱ्याएको मानिने छैन ।

**५). पद विभाजन :**

यस क्याम्पस सेवाको पद विभाजन तपशिल अनुसार हुनेछ :

**(क) शिक्षक तर्फ :**

(१) प्राध्यापक (Professor) (अधिकृत तहको विशिष्ठ श्रेणी)

(२) सह प्राध्यापक (Associate Professor)(अधिकृत तहको प्रथम श्रेणी)

(३) उप प्राध्यापक (Lecturer) (अधिकृत तहको द्वितीय श्रेणी)

(४) सहायक प्राध्यापक (Assistant Lecturer) (अधिकृत तहको तृतीय श्रेणी)

**(ख) कर्मचारी तर्फ :**

(१) शाखा अधिकृत (अधिकृत तहको तृतीय श्रेणी

(२) प्राविधिक सहायक (सहायक तहको द्वितीय श्रेणी)

(२) लेखापाल (सहायक तहको द्वितीय श्रेणी)

(३) सहायक लेखापाल (सहायक तहको तृतीय श्रेणी)

(४) सहायक प्रशासक (सहायक तहको तृतीय श्रेणी)

(५) पुस्तकालय सहायक (सहायक तहको तृतीय श्रेणी)

(६) परिचर, कार्यालय सहयोगी, सुरक्षा गार्ड, माली, चालक (श्रेणी बिहीन)

माथि उल्लेखित कर्मचारीहरुको सेवा, सुविधा संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**६) शिक्षक सेवा प्रवेशको योग्यता र श्रेणीक्रम :**

**(क) योग्यता र श्रेणीक्रम :**

यस क्याम्पसमा शिक्षण सेवामा सहायक प्राध्यापकमा प्रवेश गर्नको लागी न्यूनतम योग्यता त्रि.वि. वा मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह कम्तिमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्नेछ । साथै विदेशी विश्वविद्यालयबाट उत्तीर्णले समकक्षाताको प्रमाणपत्र पेश गर्नुपर्ने छ । साथै शिक्षक तथा कर्मचारीहरूको श्रेणीक्रम वा वरिष्ठता क्रमलाई निम्नानुसार मानिनेछः

(क) शिक्षक वा कर्मचारीको मर्यादाक्रम पूर्णकालिन शिक्षकहरुको हकमा नियुक्तिको आधारमा कायम हुनेछ ।

(ख) समान पदमा स्थायी नियुक्ति प्राप्त शिक्षक वा कर्मचारीले स्थायी नियुक्ति पाएको मितिको आधारमा वरिष्ठताक्रम अगाडि मानिनेछ ।

(ग) पूर्णकालिन शिक्षकको मर्यादाक्रम आंशिक शिक्षकको भन्दा माथि हुनेछ ।

**(ख) उमेर :**

क्याम्पसको स्थायी सेवामा प्रवेशका निमित्त शिक्षक कर्मचारीका लागि बढीमा ४० वर्षसम्म उमेरको हद कायम गरिएको छ तर ४० बर्ष भित्र अस्थायी सेवा प्रवेश गरिसकेकाहरु बाट

स्थायी हुनको लागि यो उमेर हद लाग्ने छैन । साथै शिक्षक तथा कर्मचारीहरुको ६० बर्षमा अनिवार्य अवकाश हुनेछ ।

**(ग) शिक्षक कर्मचारीको पदपूर्ती कार्य विधि :**

क्याम्पसमा आवश्यक शिक्षक कर्मचारीको पदपूर्ती गर्दा तपसिल बमोजिमको कार्यविधि अनुसार गरिन्छ ।

(अ) शिक्षक कर्मचारीको पदपूर्तिका लागि क्याम्पस सञ्चालक समितिको बैठकको निर्णयले खुल्ला बिज्ञापन द्वारा आब्हान गरिने छ । विज्ञापनमा पुरै विवरण खुलाई कम्तिमा ७ दिनको अवधि राखेर राष्ट्रिय पत्रिकामा वा सामाजिक संजाल बाट सार्वजनिक सूचना प्रकाशित गरिने छ ।

(आ) क्याम्पस सेवा आयोगले शिक्षक तथा छनौट प्रयोजनका लागि जुन तहको शिक्षक छनौट गर्ने हो सो भन्दा कम्तिमा एक तह माथिको शिक्षकलाई बिषय बिशेषज्ञको रुपमा नियुक्ति गरिने छ । कर्मचारीको हकमा सम्बन्धित बिषयको बिज्ञ छनौट गरिनेछ ।

(इ) ७० अङ्कको लिखित परीक्षा, २० अङ्कको प्रयोगात्मक परीक्षा र १० अङ्कको अन्तर्वाता हुनेछ । लिखित तथा प्रयोगात्मक परीक्षामा कम्तिमा ४५ प्रतिशत अङ्क ल्याउने प्रतियोगीलाई मात्र अन्तर्वातामा समावेश गरिनेछ ।

**७) शिक्षक तथा कर्मचारीको पदपुर्ति तथा सेवा सुविधा सम्बन्धमा :**

(क) शिक्षक तथा कर्मचारीको रिक्त रहेका दरबन्दिहरुमा खुला प्रतियोगिताद्वारा शैक्षिक योग्यता, कार्यदक्षता एवं अनुभव समेतको मूल्यांकनबाट पदपूर्ति गरिनेछ ।

(ख) अन्य कुनै सरकारी, गैरसरकारी संस्थानमा पूर्णकालिन रुपमा कार्यरत शिक्षक, कर्मचारी नियुक्ति गर्दा आंशिक सेवामा मात्र लिन सकिनेछ । आंशिक नियुक्ति भएका शिक्षक वा कर्मचारीलाई अन्य संस्थाको पूर्णकालिन सेवामा नरहेमा क्याम्पसको आवश्यकता अनुसार पूर्णकालिन शिक्षक तथा कर्मचारीको रुपमा नियुक्ति गर्न सकिनेछ ।

(ग) क्याम्पसमा पूर्णकालिन शिक्षकका रुपमा नियुक्ति भएका शिक्षकहरुलाई क्याम्पसबाट दिइने सेवा सुविधा वा भत्तामा कुनै प्रकारको फरक गरिनेछैन ।

(घ) शिक्षक, कर्मचारीहरुको बढुवा हुनको लागि कार्यरत तहमा कम्तिमा ५ वर्षको सेवा अनुभव हुनुपर्ने छ ।

## ८) नियुक्तिको व्यवस्था :

क्याम्पसको सेवामा शिक्षक तथा कर्मचारी नियुक्ति र बढुवा क्याम्पस सेवा आयोगको सिफारिसमा सञ्चालक समितिले गर्नेछ ।

## ९) परीक्षणकाल :

(१) क्याम्पस सेवामा प्रवेश दिदा १ वर्षको परीक्षणकाल रहने गरी नियुक्ति दिइनेछ । निजको कार्य सम्पादन सन्तोषजनक देखिएमा १ वर्ष पुगेपछि सेवामा निरन्तरता दिइने छ । सन्तोषजनक नदेखिएमा क्याम्पस प्रमुखको सिफारिसमा सञ्चालक समितिबाट निजलाई सेवाबाट अवकाश दिने सकिनेछ । परीक्षणकालमा रहेका शिक्षक, कर्मचारीको अतिरिक्त काम गरेकोमा बाहेक कुनै थप सुविधा र दशै भत्ता दिइने छैन ।

(२) पदावधि गणना गरिने : सेवा अवधिको गणना गर्दा उप नियम १ बमोजिम पूर्णकालीन नियुक्तीको परक्षिणकालको सेवा अवधिको समेत गणना गरिनेछ ।

## १०) दरबन्दी निर्धारण एवं पूर्णकालिन शिक्षक हुनका लागि आवश्यक आधारहरुः

(क) पुर्ण कालिक शिक्षकले दिनमा ४ पिरियड अध्यापन गर्नुपर्नेछ । क्याम्पसको आवश्यकता र परिस्थितिलाई हेरी पिरियडहरुमा आवश्यक हेरफेर पनि हुनसक्नेछ ।

(ख) कुनै पनि शिक्षक पूर्णकालीन हुनाका लागि क्याम्पस संचालनको समयमा अध्यापन तयारी, अनुसन्धान कार्य र क्याम्पसको आन्तरिक कार्य आदिको लागि कम्तिमा हप्तामा ३६ घण्टा क्याम्पसमा उपस्थित हुनुपर्नेछ ।

(ग) पूर्णकालीन शिक्षक पदमा नियुक्ति भएका शिक्षकहरुले क्याम्पसले तोकेको योग्यता, कार्यक्षमता, नियमितता, अनुसासन र सक्रियता आदि निश्चित आधार पूरा गरेमा निजलाई स्थायी सेवामा प्रवेश गराउन सकिनेछ ।

(घ) स्थायी शिक्षक, कर्मचारीहरुको सेवा सुविधा सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

## ११) क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, करार, आंशिक, स्थायी शिक्षक एवं कर्मचारी सम्बन्धमा :

### (क) क्याम्पस प्रमुखको नियुक्ति एवं सेवा सुविधा :

(अ) क्याम्पसमा प्राध्यापन गर्ने पुर्णकालिन शिक्षकहरु मध्येवाट वरिष्ठ, सक्षम, योग्य र अनुभवीको आधारमा क्याम्पस संचालक समितिले क्याम्पस प्रमुखको नियुक्ति गर्नेछ । अथवा संचालक समितिले आवश्यक ठानेमा क्याम्पस प्रमुख सिधा विज्ञापन गरेर पनि नियुक्त गर्न सक्नेछ ।

(आ) यसरी नियुक्ति भएको क्याम्पस प्रमुखको पदावधि क्याम्पसको विधान बमोजिम हुनेछ ।

क्याम्पस संचालक समितिले आवश्यक ठानेमा पुनः नियुक्ति गर्न सक्नेछ ।

(इ) क्याम्पस प्रमुखको सेवा सुविधा क्याम्पस संचालक समितिले तोके अनुसार हुनेछ ।

(ई) क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार भानुभक्त बहुमुखी क्याम्पस संसोधित विधान २०८२ बमोजिम हुनेछ ।

(उ) क्याम्पस प्रमुख क्याम्पस संचालक समिति प्रति उत्तरदायी हुनेछ ।

**(ख) सहायक क्याम्पस प्रमुखको नियुक्ति एवं सेवा सुविधा :**

(अ) क्याम्पसमा प्राध्यापन गर्ने पुणकालिन शिक्षकहरु मध्येवाट वरिष्ठ, सक्षम, योग्य र अनुभवको आधारमा क्याम्पस प्रमुखको सिफरिसमा क्याम्पस संचालक समितिले सहायक क्याम्पस प्रमुखहरुको नियुक्ति गर्नेछ ।

(आ) यसरी नियुक्ति भएको सहायक क्याम्पस प्रमुखहरुको पदावधि भानुभक्त बहुमुखी क्याम्पस संसोधित विधान २०८२ बमोजिम हुनेछ । क्याम्पस संचालक समितिले आवश्यक ठानेमा पुनः नियुक्ति गर्न सक्नेछ ।

(इ) सहायक क्याम्पस प्रमुखको सेवा सुविधा क्याम्पस संचालक समितिले तोके अनुसार हुनेछ

(ई) सहायक क्याम्पस प्रमुखको काम, कर्तव्य र अधिकार भानुभक्त बहुमुखी क्याम्पस संसोधित विधान २०८२ बमोजिम हुनेछ ।

(उ) सहायक क्याम्पस प्रमुख क्याम्पस सञ्चालक समिति प्रति उत्तरदायी हुनेछ ।

**(ग) करार शिक्षक सम्बन्धमा :**

(अ) क्याम्पसमा रिक्त हुन आएको सहायक प्राध्यापक पूर्णकालीन पदमा सम्वन्धित विषयमा कम्तिमा द्वित्तीय श्रेणी स्नातकोत्तर तह उत्तीर्ण भएको व्यक्तिलाई करार सेवामा नियुक्ति गर्नेछ ।

(आ) यसरी नियुक्ति भएको शिक्षकलाई क्याम्पसको नियमलाई आधार मानी क्याम्पस संचालक समितिले सेवा सुविधा निर्धारण गर्नेछ ।

(इ) अस्थायी करार शिक्षक भन्नाले स्थायी नियुक्ति प्राप्त नगरे सम्म कार्यरत पूर्णकालीन शिक्षकलाई जनाइनेछ ।

(ई) क्याम्पसले तोकेको पाठ्यभार र समयअनुसार पूर्णकालिन रुपमा कार्यरत शिक्षकहरुलाई करार अवधिभर समान किसिमको सेवा सुविधा उपलब्ध गराइनेछ ।

**(घ) आंशिक शिक्षक सम्बन्धमा :**

(अ) आंशिक शिक्षक भन्नाले क्याम्पसले तोकेको निश्चित पिरियडमा मात्र अध्यापन गर्नका लागि सम्बन्धित विषयमा कम्तिमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

(आ) यसरी नियुक्ति भएको शिक्षकलाई भानुभक्त बहुमुखी क्याम्पस संसोधित विधान २०८२ लाई आधार मानी सेवा सुविधा निर्धारण गरिनेछ ।

(इ) नियुक्त आंशिक शिक्षकलाई अन्य थप पिरियड दिनुपर्ने अवस्थामा आएमा र अन्य संस्थामा पूर्णकालिन सेवा नभएमा  निजलाई पनि क्रमशः कक्षाभारको आधारमा पूर्णकालिन शिक्षक बनाउन सकिनेछ ।

(ई) आशिंक शिक्षकको तलवमान प्रति पिरियड रु ८,५००।-( आठ हजार पाँच सय मात्र) कायम हुनेछ । यो तलवमान संचालक समितिले समय समयमा हेरफेर गर्न सक्नेछ ।

**(ङ) स्थायी शिक्षक तथा कर्मचारी सम्बन्धमा :**

(अ) स्थायी नियुक्ति पाएका शिक्षक र कर्मचारीहरुलाई क्याम्पसको नियम अनुसार सेवा सुविधा उपलब्ध गराइनेछ ।

(आ)  शिक्षक, कर्मचारीको सेवा सुविधा क्याम्पस सञ्चालक समितिले र्निधारण गरे वमोजिम हुनेछ ।

इ) पुर्णकालीन स्थायी नियुक्ति पाएका प्राध्यापक र कर्मचारीहरुलाई नेपाल सरकारको नियम अनुसार सामाजिक सुरक्षा कोषमा सहभागी गराईनेछ ।

**१२)  पद रिक्त हुने अवस्था :**

क्याम्पसका पदाधिकारी, शिक्षक तथा कर्मचारीहरूको देहायको अवस्थामा पद रिक्त हुनेछ :

(क) लिखित राजिनामा दिई सञ्चालक समितिबाट स्वीकृत भएमा ।

(ख)  मृत्यु भएमा ।

(ग)  क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, कार्यक्रम संयोजक र शिक्षण विभागको प्रमुखको हकमा निजहरूको तोकिएको पदावधि समाप्त भएमा  ।

(घ)  मानसिक सन्तुलन ठिक नभएको भनि  प्रमाणित भएमा ।

(ङ)  नैतिक पतन देखिने गंम्भिर प्रकृतिको फौजदारी अभियोगमा सजायँ पाएमा ।

(च)  विषय खारेज भएमा सम्बन्धित विषयका शिक्षकलाई वैकल्पिक कार्यमा लगाउने र वैकल्पिक व्यवस्था हुन नसकेमा सम्मानजनक अवकाश दिइनेछ ।

(छ)  पदिय दायित्व वहन नगरेको भनि  सञ्चालक समितिले  कारवाही गरेमा ।

(ज)  शिक्षक र  कर्मचारीको उमेर ६० वर्ष पुगेपछि स्वतः अवकाश पाउने छन्  ।

**१३) निमित्त भई काम गर्ने र कायम मुकायम :**

क्याम्पस प्रमुख कुनै कारणले ३० दिन भन्दा कम अवधिका लागि विदामा बस्नु परेमा क्याम्पस प्रमुखले सहायक क्याम्पस प्रमुखलाई निमित्त क्याम्पस प्रमुख कार्यभार दिनेछ । ३० दिन वा सो भन्दा कम अवधिका लागि अतिरिक्त सुविधा दिइनेछैन् । ३० दिनभन्दा बढी अनुपस्थित रहने क्याम्पस प्रमुखलाई अतिरिक्त भत्ता दिईने छैन । क्याम्पस प्रमुख ३० दिन वा सो भन्दा वढी अनुपस्थित भएमा संचालक समितिले कायम मुकायम क्याम्पस प्रमुख नियुक्ति गर्ने छ ।

**१४) पदाधिकार कायम रहने :**

देहायका अवस्थामा हरेक पदाधिकारी, शिक्षक तथा कर्मचारीको पदाधिकार कायम रहनेछ :

(क) पदमा कार्यरत रहँदा सम्म ।

(ख) विदामा बसेको अवधि ।

(ग) निलम्बन रहेको अवधि ।

(घ) काजमा खटिएको अवधि ।

(ङ) कायम मुकायम मुकरर भएको अवधि ।

(च) अर्को पदमा सरुवा, बढुवा भै कार्यभार नसमाल्दा सम्मको अवधि ।

## परिच्छेद ३

## सेवाको सुरक्षा

**१५) सेवाको सुरक्षा :**

शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षाको प्रत्याभूतीको लागि देहायका अवस्थामा बाहेक अन्य अवस्थामा शिक्षक तथा कर्मचारीलाई सफाईको मौका नदिइ क्याम्पस सेवाबाट हटाइने वा वर्खास्त गरिने छैन ।

(क) विना सूचना १५ दिन भन्दा बढी वेपत्ता भएमा वा  सम्पर्क विहीन भएमा ।

(ख) नैतिक पतन देखिने फौजदारी मुद्दामा अदालतबाट दोषी प्रमाणित भई सजायँ पाएमा ।

(ग) कर्तव्यच्युत भई अनुशासन उल्लंघन गरेको ठहर भै क्याम्पस प्रमुखको सिफारिसमा संचालक समितिले कार्यवाही गरि निष्कासन गरेमा ।

**१६) सुविधाको सूरक्षा :**

(क) कुनै पनि शिक्षक तथा कर्मचारीलाई निजको स्थायी नियुक्ति र बढुवा हुँदा तत्काल खाइपाइ आएको तलब, भत्ता, ग्रेड भन्दा कम नहुने गरि सेवा सुविधा उपलब्ध गराइनेछ ।

(ख) शिक्षकले अध्यापनका क्रममा विद्यार्थीहरु लाई अध्ययन प्रति जागरुक गराउन नसकेमा तथा विद्यार्थीहरुबाट सिकाईमा प्रभावकारीता नभएको गुनासो आएमा उचित छानविन गरी सफाईको मौका दिई आवश्यकता अनुसार संचालक समितिले निर्णय गर्न सक्नेछ ।

## परिच्छेद ४

## विदा सम्बन्धि व्यवस्था

**१७) विदाका प्रकार :**

क्याम्पसको आफ्नो अवस्था हेरी क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई विभिन्न किसिमका विदाहरू दिन सकिनेछ। तर बिदा अधिकार नभै सुविधा हो भन्ने बुझ्नुपर्दछ।

विदाहरू

**(क).विरामी विदा :**

(अ) शिक्षक तथा कर्मचारीहरु लाई १ वर्षको सेवाको लागि १५ दिनको विरामी विदा दिईनेछ। तर एकै पटक ७ दिनभन्दा बढी अवधिको विरामी विदा लिन परेमा चिकित्सकको पत्र पेश गर्नुपर्नेछ।

(आ) शिक्षक तथा कर्मचारीको विरामी विदा सञ्चित हुनेछ।

(इ) शिक्षक तथा कर्मचारीको संचित विरामी विदाको रकम सेवा निबृत हुँदा एकमुष्ठ तलब स्केल अनुसार भुक्तानी पाउनेछन्।

(ई) सेवामा बहाल रहदाँ कुनै शिक्षक वा कर्मचारीको मृत्यु भएमा निजको सञ्चित विरामी विदाको तलबको दरले हुन आउने रकम निजको हकवालालाई दिईनेछ।

**(ख) भैपरी विदा :**

शिक्षक तथा कर्मचारीहरूले १ वर्षमा ९ दिन भैपरी आउने विदा पाउनेछन्। आकस्मिक अवस्था परेकोमा बाहेक स्वीकृत नगराई भैपरी विदा बस्न पाईने छैन र यो विदा सञ्चित हुनेछैन।

**(ग) किरिया विदा :**

क्याम्पसका प्राध्यापक तथा कर्मचारी कुलधर्म अनुसार आफै रहीकिरिया वस्नुपरेमा बढीमा १५ दिन पूरा तलबी विदा दिइनेछ।

**(घ) पर्व विदा :**

शिक्षक वा कर्मचारीले वर्षभरीमा ६ दिनसम्म पूर्व स्वीकृती लिई पर्व विदा पाउनेछन् । पर्व विदा संञ्चित हुने छैन ।

**(ङ) अध्ययन विदाः**

यस क्याम्पसमा शिक्षक तथा कर्मचारीको रुपमा ७ वर्ष स्थायी सेवा पुरा गरे पछि क्याम्पस लाई आवश्यक पर्ने विषयको अध्ययन गर्नको लागि जानु परेमा बढीमा ३ वर्ष सम्म अध्ययन विदा दिन सकिने छ । यो विदाको तलव पाउने छैन तर क्याम्पसकै तर्फबाट कुनै तालिम वा अध्ययनको लागि पठाईएमा पुरा तलव दिइनेछ ।

**(च) सुत्केरी विदा :**

क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारी गर्भवती भएमा सुत्केरी अघिपछि गरी ३० दिन सुत्केरी विदा पाउनेछन् । त्यस अवधिको पुरा तलब दिईनेछ तर सुत्केरी विदा सुविधा पहिलो र दोस्रो सन्तानका  लागि मात्र प्राप्त हुनेछ ।

**(छ) बेतलवी विदा :**

कुनै शिक्षक तथा कर्मचारीहरुले वर्षमा २० दिन बेतलवी विदा लिन सक्नेछ ।

**१८) विदा स्वीकृत गर्ने अधिकारी :**

क्याम्पस प्रमुखको हकमा बिदा सञ्चालक समितिका अध्यक्षले र अन्य पदाधिकारी, शिक्षक तथा कर्मचारीहरुको हकमा अन्यथा व्यवस्था भएकोमा बाहेक क्याम्पस प्रमुखलाई विदा स्वीकृत गर्ने अधिकारी हुनेछ । यस सम्बन्धमा अन्य ब्यवस्था संसोधित विधान २०८२ बमोजिम हुनेछ ।

## परिच्छेद ५

## तलब, भत्ता, चाडपर्व खर्च तथा अन्य सुविधा

**१९) तलब भत्ता :**

शिक्षक तथा कर्मचारीले सेवामा बहाल भएदेखि वहाली गरेको पदको तलब, भत्ता र अन्य सुविधा पाउनेछन् ।

**(क) तलब स्केल :**

क्याम्पसको सेवामा नियुक्ति भएका शिक्षक तथा कर्मचारीले सेवामा रही काम गरे बापत पाउने तलबको स्केल, भत्ता र अन्य सुविधा सञ्चालक समितिले  निर्धारण गरे बमोजिम हुनेछ । यसरी निर्धारण गर्दा सम्बन्धन दिने विश्वविद्यालयको मापदण्ड लाई पनि आधार मानिनेछ ।

**(ख) तलब भत्ताको भुक्तानी :**

क्याम्पसको सेवामा रहेका शिक्षक तथा कर्मचारीले प्रत्येक महिना समाप्त भएको समान्यतया ७ दिन सम्ममा तलब भत्ताको भुक्तानी पाउनेछन् । कुनै शिक्षक तथा कर्मचारीले पकाइसकेको तलबभत्ता निज जुनसुकै कारणले सेवामा नरहेपनि प्राप्त गर्नेछ । तर आर्थिक हिनामिना गरेको ठहर भएमा र  नियम विपरित वढी रकम भुक्तानी लिएको अवस्थामा भने त्यस्तो तलबभत्ता हिनामिना भएको रकम असुलउपर नभएसम्म रोक्का गर्न सकिनेछ ।

**(ग) तलबी विदा बसेको वखत तलब रोक्का नगरिने :**

कुनै शिक्षक तथा कर्मचारी तलबी विदामा बसेको वखत निजले पाउने तलब कटौति गरिने छैन ।

**(घ) दैनिक भ्रमण भत्ता :**

शिक्षक तथा कर्मचारीले क्याम्पसको कामको सिलसिलामा भ्रमण गर्नुपर्दा पाउने दैनिक भ्रमण भत्ता सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**(ङ) निलम्बनमा परेको वखत तलब पाउने :**

कुनै शिक्षक तथा कर्मचारी कारवाहीको सिलसिलामा निलम्बन परेमा सो निलम्वन अवधि भर निजले तलब पाउने छैन । तर निजलाई लागेको आरोप प्रमाणित हुन नसकी सफाई प्राप्त गरेमा वृद्धि भएको तलब र ग्रेड समेत जोडी पुरा तलब प्राप्त गर्नेछन् ।

**२०) फौजदारी अभियोग लागि थुनामा परेमा स्वतः निलम्बन भएको मानिने :**

क्याम्पसको सेवामा रहेको कुनै शिक्षक तथा कर्मचारी उपर फौजदारी अभियोग लागि निज थुनामा परेको प्रमाणित भएमा सो अवधिभर स्वतः निलम्बन परेको मानिनेछ र यसरी निलम्बनमा परेको वखत निजले तलब प्राप्त गर्ने छैनन् । तर अभियोग सफाई पाएमा भने सफाई पाएको मितिदेखि तलब प्राप्त गर्ने छन् ।

**२१) चाडपर्व खर्च :**

क्याम्पस सेवामा रहेका पुर्ण कालिन स्थायी शिक्षक तथा कर्मचारीले निजले खाइपाइ आएको एक महिनाको तलब बरावरको रकम प्रत्येक वर्ष दशैमा चाडपर्व खर्चको रुपमा प्रदान गरिनेछ । तर यो सुविधा परीक्षण कालमा रहेको शिक्षक कर्मचारीहरुले प्राप्त गर्ने छैनन् ।

**२२) क्याम्पस सेवा पदकको व्यवस्था :**

(क) क्याम्पसबाट अनिवार्य अवकास प्राप्त गरेका वा कम्तीमा क्याम्पसमा १० वर्ष सेवा गरेका शिक्षक तथा कर्मचारीलाई सञ्चालक समितिले तोके बमोजिम विभिन्न प्रकारका सेवा पदक, प्रमाणपत्र र नगद पुरस्कार प्रदान गर्न सकिनेछ ।

(ख) उत्कृष्ठ शिक्षक कर्मचारीलाई क्याम्पस सभामा पुरष्कृत गरिने छ ।

**२३) अन्य सुविधा :**

शिक्षक तथा कर्मचारीलाई क्याम्पस सञ्चालक समितिको निर्णय अनुसार अन्य सुविधा दिन सक्नेछ ।

**२४. शिक्षक कर्मचारीले पालना गर्नुपर्ने आचरण :**

**(क) अन्य स्थानमा काम गर्न नहुने :**

पूर्णकालिन शिक्षक वा कर्मचारीले क्याम्पस सञ्चालनको समय भित्र क्याम्पसको काम वाहेक कुनै प्रकारको अन्य रोजगारी सञ्चालक समितिको तोकिएको अधिकारीको स्वीकृति वेगर गर्नु हुदैन ।

**(ख) आफ्नो सेवा र पद अनुसारको आचरण गर्नुपर्ने :**

शिक्षक तथा कर्मचारीले क्याम्पस वा वाहिर आफ्नो बौद्धिक तथा प्राज्ञिक प्रतिष्ठा कायम रहने गरी आफ्नो आचरण तथा नैतिक शुद्ध, उच्च र पवित्र राख्नु पर्छ ।

**(ग) क्याम्पसलाई सहयोग गर्नुपर्नेः**

विद्यार्थीलाई शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान एवं तालिम दिन, क्याम्पसको सर्बाङ्गीण बिकासको लागि सहयोग गर्नु सबै शिक्षक तथा कर्मचारीहरुको कर्तव्य हुनेछ । साथै आंशिक सेवामा रहेका शिक्षक तथा कर्मचारीहरुले क्याम्पस प्रशासनले दिएको कार्य जिम्मेवारीपुर्वक पुरा गर्नुका साथै त्रि.वि. बाट संचालन हुने परिक्षामा निरिक्षकका रुपमा खटिनु पर्नेछ ।

**(घ) हानी नोक्सानी गर्न नहुने :**

शिक्षक तथा कर्मचारीले क्याम्पसको कुनै सम्पति हानी नोक्सानी गर्नु हुदैन ।

**(ङ) भ्रष्ट्राचार गर्न नहुने :**

शिक्षक तथा कर्मचारीले अनुचित कार्य र भ्रष्ट्राचारजन्य कुनै कार्य गर्न गराउन हुदैन् ।

**(च) नियम कानून पालना :**

शिक्षक तथा कर्मचारीले क्याम्पसको नियमकानूनको पालना गर्नु पर्नेछ ।

**(छ) उचित आदर व्यवहार देखाउनु पर्ने :**

शिक्षक तथा कर्मचारीले व्यवसायिक प्रकृतिको काम काज गर्दा क्याम्पस, प्रचलित नेपाल कानून, मान्यता प्राप्त राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाबाट तोकिएको वा प्रतिपादित व्यवसायिक नैतिकता र आचारसंहिता पालना गर्नुपर्नेछ ।

**(ज) अवाञ्छित प्रभाव पार्न नहुने :**

शिक्षक तथा कर्मचारीले आफ्नो सेवा सम्बन्धि कुरामा स्वार्थ साध्य गर्ने किसिमले अन्य शिक्षक तथा कर्मचारी माथि अवाञ्छित प्रभाव पार्न वा प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन् ।

**(झ) अपराधलाई प्रश्रय गर्न नहुने :**

कुनै अपराधलाई प्रश्रय गर्ने गरी तालाबन्दी गर्नु, गुठबन्दी, शारीरिक वा मानसिक कष्ट र पिडा हुने गरी दवाव दिनु वा सो आशयले उक्सने र उस्काउनु समेत गर्नु हुदैन् ।

**(ञ) तोकिएको जिम्मेवारी पुरा गर्ने :**

शिक्षकहरूले तोकिएको कक्षा लिने, सुपरिवेक्षण तथा निरीक्षण गर्ने र अन्य प्राज्ञिक कार्य गर्नुपर्ने छ र कर्मचारीले कार्य विवरण अनुसारको कार्य गर्नु पर्नेछ ।

## परिच्छेद ६

## सजायँ र पुनरावेदन

**२५) शिक्षक तथा कर्मचारीलाई गर्न सकिने सजाय :**

**(क) नसिहत दिने, ग्रेड वृद्धि वा बढुवा रोक्का गर्ने :**

निम्न कुनै अवस्थामा शिक्षक तथा कर्मचारीलाई तपसिल बमोजिम कसुर गरेमा नसिहत दिन वा तीनको ग्रेडवृद्धि वा बढुवा रोक्का गर्न सकिनेछ ।

(१) काम सन्तोषजनक नभएमा ।

(२) पुर्व स्वीकृति नलिई वारम्बार अनुपस्थिति रहने गरेमा ।

(३) अनुशासनहिन काम गरेमा ।

(४) आचारण सम्बन्धि नियम उल्लघन गरेमा ।

(५) तोकिए बमोजिम  समयमा बरबुझारथ नगरेमा ।

(६) तोकिएबमोजिको काम नगरेमा ।

**(ख) सेवाबाट हटाउन वा वर्खास्त गर्न सकिने :**

निम्न कुनै कसुर गरेमा शिक्षक तथा कर्मचारीलाई क्याम्पस सेवाका निमित्त भविष्यमा अयोग्य नठहरिने गरी वा अयोग्य ठहरिने गरी सेवा बाट  हटाउन वा वर्खास्त गर्न सकिनेछ :

(१) आफ्नो कर्तव्यमा लापरवाही गरेमा ।

(२) कार्य क्षमताको अभाव भएमा क्याम्पस प्रशासनले तोकेको अवधिमा सूचना प्रविधिको तोकिएको दक्षता नभएमा ।

(३) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार प्रमाणित भई सजायँ पाएमा ।

(४) मानसिक सन्तुलन गुमाइ जिम्मेवारी पुरा गर्न नसक्ने भएमा  ।

(५) भष्ट्राचार गरेको प्रमाणित भएमा ।

(६) सजाय पटक पटक पाईरहेमा ।

(७) आचारणका विनियमहरूलाई वारम्बार पालना नगरेमा वा उलङ्घन गरेमा ।

(८) लगातार १५ दिनभन्दा बढी समयसम्म सूचना नदिई क्याम्पस वा कार्यालयमा अनुपस्थित रहेमा  ।

**२६) बाँकी बक्यौता तलबबाट कट्टा गरी असुल गरिने :**

कुनै शिक्षक तथा कर्मचारीले जानीजानी लापरवाही गरी वा प्रचलित कानूनको उल्लघन गरी

क्याम्पसलाई हानी नोक्सानी भएमा तलबबाट कट्टा गरी असुल उपर गरिनेछ । यसरी असुल उपर गरिने रकम तलबबाट नपुग भएमा प्रचलित कानून बमोजिम निजको अन्य जायजेथाबाट असुल उपर गरिनेछ ।

२७) **निलम्बनमा राखी कारवाही गर्ने :**

(१) निम्न लिखित अवस्थामा अख्तियारवालाले सम्बन्धित शिक्षक तथा कर्मचारीलाई निलम्बनमा राखी कारवाही गर्नेछ :

(क) निलम्बन नगरी कारवाही अगाडी बढाउँदा सवुत प्रमाण लोप गर्ने वा झुट्टा सवुत प्रमाण खडा गर्न सक्ने आंशका रहेमा ।

(ख) निलम्बन नगरी कारवाही अगाडी बढाउँदा क्याम्पसलाई नोक्सानी हुने वा कारवाहीमा बाधा पुग्ने देखिएमा ।

(२) निलम्बनमा परेको शिक्षक तथा कर्मचारीले दोषबाट सफाइ पाएमा वा कुनै सजाय गरी अन्तिम किनारा लागेमा निजको निलम्वन समाप्त भएको मानिनेछ ।

(३) स्वत निलम्वनमा रहेको अवस्थामा बाहेक कुनै शिक्षक तथा कर्मचारीलाई निलम्बनमा राख्दा ३० दिन भन्दा बढी समयका लागि निलम्बनमा राखिनेछैन र सोही समयसिमा भित्रै कारवाहीको टुङ्गो लगाउनुपर्ने छ ।

२८) **सजायँको कार्यविधि :**

(१) फौजदारी कानून बमोजिम सफाईको मौका नदिई सेवाबाट हटाईने वा वर्खास्त गर्न सकिनेमा बाहेक अन्य कुनै कर्मचारीलाई सजाय गर्नु परेमा सजाय गर्ने आदेश दिनु भन्दा अघि कारावाही गर्न लागिएको कारण उल्लेख गरी निजलाई आफ्नो स्पष्टीकरण पेश गर्ने मौका दिइनेछ ।

(२) यस्तो सूचना दिदा शिक्षक वा कर्मचारीमाथि लगाईएको आरोप स्पष्ट रुपले किटिएको हुनुपर्छ । प्रत्येक आरोप कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्छ र त्यस्तो सफाइ तोकिएको म्यादभित्र पेश गर्नुपर्छ ।

(३) आरोप लागेको शिक्षक वा कर्मचारीको अनुसन्धान वा छानविन गर्दा अख्तियारवालाले आवश्यक ठानेमा स्वयं वा कुनै व्यक्ति वा समितिद्वारा छानविन गराउन सक्नेछ ।

२९) **पुनरावेदन :**

शिक्षक तथा कर्मचारीलाई आफुले पाएको सजायमा चित्त नबुझेमा आफ्नो पूर्ण विवरण र सजायको आदेशको सूचनाको प्रतिलिपि समेत संलग्न गरी सजायको सूचना पाएको मितिले १५ दिनभित्र त्यस्तो सजायको आदेश विरुद्ध सञ्चालक समितिको अध्यक्ष समक्ष पुनरावेदन दिन सक्नेछ ।

**३०) सेवामा पुनः बहाली भएमा तलब भत्ता पाउने :**

कुनै स्थायी शिक्षक तथा कर्मचारीलाई क्याम्पस सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश वदर भई निज

सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाईएको वा वर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मिति सम्मको पुरा तलबभत्ता र ग्रेडवृद्धि भए त्यस्तो वृद्धि समेत प्राप्त गर्नेछ ।

**३१) सेवामा बहाल गर्न बाध्य नहुने :**

क्याम्पस सेवबाट हटाईएको वा वर्खास्त गरिएको कुनै शिक्षक तथा कर्मचारी आफ्नो पदमा पुनर्वहाली भएको सूचना पाएको मितिले ७ दिनभित्र हाजिर हुन आउनु पर्नेछ । नआएमा क्याम्पस सेवामा बहाल गर्न बाध्य हुनेछैन ।

## परिच्छेद ७

## विविध

**३२) पूर्व सूचना दिनु पर्ने :**

क्याम्पसमा कार्यरत कुनै शिक्षक तथा कर्मचारीले राजीनामा दिन चाहेमा निजले १ महिनाको पूर्व सूचना दिनु पर्नेछ । यदि पूर्व सुचना नदिएमा सञ्चालक समितिले आवश्यक कारबाही गर्न सक्नेछ ।

**३३) निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्ने :**

क्याम्पस सेवामा प्रवेश गर्दा शिक्षक तथा कर्मचारीले नेपाल मेडिकल काउन्सिलबाट मान्यता प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पेश गर्नु पर्छ । प्रत्येक ५/५ बर्षमा निरोगिताको प्रमाण पत्र बुझाउनु पर्नेछ ।

**३४) सेवा सम्बन्धि विवरण अद्यावधिक राख्नु पर्ने :**

(१) क्याम्पस कार्यालयमा शिक्षक तथा कर्मचारीहरूको सेवा दर्ता किताब रहनेछ ।

(२) सेवा दर्ता किताबमा शिक्षक वा कर्मचारीको उमेर, शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाणपत्र, पान नं र अन्य आवश्यक विवरण भरेर राखिनेछ ।

(३) उमेर सम्बन्धि कुनै विवाद उठेमा दर्ता किताबमा चढाएको उमेर अन्तिम हुनेछ ।

(४) सेवा पुस्तिकामा प्रत्येक शिक्षक तथा कर्मचारीको सेवा तथा आचरण सम्बन्धि हरेक वर्ष प्राप्त हुने विवरण वा प्रतिवेदनको साराशं लेखिनेछ । साथै शिक्षकहरूले क्याम्पसमा पेश गरेका वर्ष भरीमा प्रकाशित गरेका पाठ्यपुस्तक वा अनुसन्धानात्मक कृतिहरूको सूची पनि लेखिनेछ ।

**३५) बरबुझारथ गर्नुपर्ने :**

कुनै शिक्षक वा कर्मचारीले सेवा छाड्दा अख्तियारवालालाई सेवा छाडेको वा अवकास प्राप्त गरेको ३५ दिनभित्र आर्थिक प्रशासन कार्य विधि बमोजिम बरबुझारथ गर्नुपर्नेछ । सो बरबुझारथ नगरेसम्म क्याम्पसबाट पाउने रकम रोक्का गरिनेछ ।

**३६) असल नियतले गरेको कामको बचाउ :**

असल नियत लिई गरेको वा गर्न खोजेको कुनै कामको सम्बन्धमा क्याम्पसका कुनै शिक्षक तथा कर्मचारी उपर मुद्दा चलाउने वा अन्य कुनै कानुनी कारवाही अगाडी बढाईने छैन ।

**३७) बाधा अड्काउ फुकाउने :**

यो कार्यविधि बमोजिम कुनै काम कारवाही गर्द कुनै बाधा अड्चन आइ परेमा त्यस्ता बाधा अड्चन हटाउने वा फुकाउने सम्पुर्ण अधिकार सञ्चालक समितिको हुनेछ ।

**३८) खारेजी र बचाउ :**

(१) यो कार्यविधि लागु हुन भन्दा अगाडी कायम रहेका शिक्षक तथा कर्मचारी संग सम्बन्धि कार्यविधि एवं विनियम खारेज हुनेछ ।

(२) यस क्याम्पसमा गरिएका शिक्षक तथा कर्मचारी संग सम्बन्धित सबै काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**धन्यवाद**